# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ती**

(सञ्चार माध्यममा शिघ्र प्रकाशन र प्रसारणका लागि)

२०७२ माघ ६ गते

## तस्करी र कालाबजारीबाट जीविकोपार्जनको अधिकार संकटमा

संविधान निर्माण प्रक्रियामा असहमति राख्दै तराई-मधेश क्षेत्रमा भईरहेको आन्दोलन र आन्दोलनको क्रममा गरिएको सीमा अवरोधको कारण देखाई बढेको तस्करी र कालाबजारीबाट नागरिकहरुको जीविकोपार्जनको अधिकार गम्भीररुपमा संकटमा परेको पाइएको छ । आयोगले रुपन्देही, नवलपरासी, चितवन र पर्सा जिल्लाका सिमावर्ती नाकाहरुमा गरेको अनुगमनबाट यस्तो तथ्य पाइएको हो ।

पर्सा जिल्लाको ठोरी, सुवर्णपुर र निर्मलबस्ती गाविसका केही बस्तीहरुमा अवैध रुपमा भारतबाट भित्र्याइएका अति प्रज्वलनशील पेट्रोल, डिजेल, मट्टितेल तथा ग्याँस जस्ता उपभोग्य सामग्रीहरुमा अनियन्त्रित रुपमा सुरक्षा निकायको सामुन्नेबाट तस्करी र कालाबजारी भइरहेको पाइएको छ, जसको प्रत्यक्ष मार सर्वसाधारण नागरिकहरुले खेपिरहनु परेको छ । सोही अवस्था भैरहवाको बेल्हिया नाकामा पनि पाइएको छ । ती क्षेत्रहरुका गाउँबस्तीहरुमा अवैध रुपमा संचय गरिएका पेट्रोल, डिजेल, मट्टितेल जस्ता ईन्धन र खाना पकाउने ग्याँसको भण्डारणमा कुनैपनि सुरक्षाको उपाय अवलम्बन नहुँदा जुनसुकै समयमा भयानक दुर्घटना भई धनजनको ठुलोक्षति हुनगई मानव अधिकारको गम्भीर उल्लङ्घन हुनसक्ने देखिएको छ । दैनिक ठोरी नाकाबाट मात्र असुरक्षित रुपमा कम्तिमा एकलाख देखि १ लाख ५० हजार लिटर इन्धन अवैध रुपमा भित्रिरहेको अनुगमनको क्रममा पाईएको छ ।

आयोगको अनुगमनबाट विरगञ्ज बाहेकका सबै सुचारु नाकाहरुबाट हुने कालाबजारी नियन्त्रण र सुरक्षा संवेदनशिलता तर्फ सुरक्षा निकायहरु पूर्णरुपमा उदासीन रहेको देखियो । पर्साको ठोरी नाकामा सुरक्षाका लागि तैनाथ गरिएको सुरक्षाकर्मीहरुको अगाडिबाट नै ईन्धनजन्य सामग्रीहरुको खुल्लारुपमा कालाबजारी भईरहेको अनुगमनको क्रममा देखिएको छ । ठोरीस्थित नेपाल-भारत सीमानाको वारीपारि खोलाको किनारमा त्रिपाल राखेर अवैध रुपमा गरिएको इन्धनको भण्डारण र बिक्रिलाई गैर कानूनी रुपले संरक्षण गरेको देखिएको छ

यस्तो कार्यबाट देशको आर्थिक अधिकार संरक्षण गर्ने प्रमुख श्रोत राजश्व समेत दिनानुदिन गुम्दै गएको देखिन्छ । दैनिकरुपमा बस, टिपर, जीप, ट्रयाक्टर, मोटरसाइकल, साईकल लगायतका सवारी साधनहरुमा असुरक्षित रुपमा इन्धन अवैध रुपमा ओसार-पसार गर्ने कार्यमा युवाहरु र बालकहरुको समेत संलग्नता देखिनु थप गम्भीर विषय हो । यस्तो कार्यलाई प्रश्रय दिने गतिविधिले युवा जनशक्तिहरु आपराधिक क्रियाकलापमा संलग्न हुन सक्ने जोखिम समेत देखिएको छ ।

अतः विशेष गरि सीमा नाका हुँदै नेपालका अधिकाँश क्षेत्रमा भइरहेको तस्करी र कालाबजारीबाट सर्वसाधारणहरुको सहजरुपमा दैनिक जीविकोपार्जन गर्न पाउने अधिकार गम्भीरसंकटमा परेको हुँदा नेपालको संविधान र प्रचलित नेपाल कानुनद्वारा प्रदत्त उपभोक्ताको मानव अधिकार संरक्षणार्थ त्यस्तो कार्य तत्काल रोक्न अविलम्ब कारवाही अगाडी बढाउने तर्फ आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182. Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org